श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल महिला संगठन केन्द्रीय कार्यालयको महिला छात्रावास भवन निर्माण-को लागि श्री पशुपति आइरन इण्डष्ट्रीज प्रा.लि.बाट २२,००० के.जी. (२२ टन) रड डण्डी खरिद गर्दा लाग्ने बिक्रीकर छूट दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा त्यस्तो सूचना दिन स्थानीय गाउँ वा नगर पञ्चायतको सम्बन्धित वडा अध्यक्षलाई तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. ले दिएको अधिकार प्रयोग गरी ताप्लेजुङ जिल्लामा किसानापीको सिलसिलामा उठेका वन सिमानासम्बन्धी समस्याहरू छानबीन गरी सो सुल्झाउन निम्न पदाधिकारीहरू भएको समिति गठन गरेको छ ।

१. प्रमुख जिल्ला अधिकारी, ताप्लेजुङ — अध्यक्ष
२. जिल्ला वन नियन्त्रक, ताप्लेजुङ — सदस्य
३. मालपोत अधिकृत, ताप्लेजुङ — सदस्य
४. प्रमुख नापी अधिकृत, ७ नं. नापी गोश्वारा — सदस्य-सचिव

आज्ञाले
जीवनलाल सत्याल
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जि. का. बैतडीका प्र. जि. अ. श्री चूडामणि उपाध्याय काठमाडौं काजमा रहनु भएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री सुधीरकुमार शाहलाई मिति २०४२।५।२७ देखि का. मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४३।३।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव वा सो सरह ) का देहायका अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरिएको छ ।

| सि.नं. | नाम र थर | हालको पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री सुबीरनाथ खनाल | रा. प द्वितीय श्रेणी, (सहायक सचिव वा सो सरह) गृह मन्त्रालय वा अन्तर्गत कार्यालय । | सहायक सचिव, गृह मन्त्रालय । |
| २. | श्री भोजराज डोटेल | ,, ,, | वरिष्ठ प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, कास्की । |
| ३. | श्री जनार्दन शर्मा पौडेल | ,, ,, | वरिष्ठ प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, काठमाडौं । |
| ४. | श्री ईश्वरप्रसाद उपाध्याय पोखरेल | ,, ,, | वरिष्ठ प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, झापा । |

आज्ञाले,
हीरालाल गुभाजु
कानून अधिकृत (उप-सचिव)

328



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।